मासिक
# विपद् बुलेटिन
स्फियर विशेषांक
अंक: ११
२०७८ चैत

## यस भित्र

२ स्फियरको अवधारणा
३ स्फियर मापदण्डको आवश्यकता
४ स्फियरमा प्रमुख प्राविधिक क्षेत्रहरु
५ स्फियरको कार्यान्वयनमा जोड दिएका छौं

## स्फियर मापदण्ड सचेतीकरणमा डिपिनेटको सार्थक पहल




प्रकोप पूर्वतयारी संजाल (डिपीनेट) नेपालले देशका सातै वटा प्रदेशमा सम्पन्न गरेको स्फियर मापदण्ड सम्बन्धी सचेतना कार्यक्रमले यस सम्बन्धी सचेतना बृद्धिमा महत्वपूर्ण योगदान गरेको सरोकारवालाहरुले बताएका छन् । प्रदेश अन्तर्गतका सम्बन्धित् मन्त्रालय, सुरक्षा निकाय, गैरसरकारी तथा निजी क्षेत्रका विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनका सम्पर्क व्यक्तिहरूको लागि सातै प्रदेशमा एक दिने स्फियर मापदण्ड सम्बन्धी सचेतना तथा अनुभव आदान-प्रदान कार्यक्रम गरिएको थियो । मंसिर १३ गते प्रदेशको आन्तरिक मामिला तथा कानुन मन्त्रालयसंगको सहकार्यमा विराटनगरमा आयोजित कार्यक्रममा आन्तरिक मामिला तथा कानून मन्त्रालयका सचिव कालीप्रसाद पराजुलीले विपद् पूर्व, विपद्को समयमा र विपद्पछिका अवस्थामा काम गर्दा साझा जिम्मेवारीका रुपमा समन्वयात्मक ढंगवाट अघि बढेको बताउनुभयो ।

डिपिनेटका अध्यक्ष सूर्य बहादुर थापाले स्फियर मापदण्ड कार्यान्वयन गर्न सके विपद्को समयमा राहत सामग्री उपलब्ध गराउने कार्यलाई व्यवस्थित बनाउन सकिने र सेवा प्रदायकलाई जवाफदेही बनाउँन सकिने बताउनुहुन्छ । उहाँले प्रदेशस्तरमा गरिएका तालिमहरुले स्फियरको बारेमा सरोकारवालाहरुलाई जानकारी दिन निकै सहयोग भएको बताउनुहुनछ ।

स्फियरको बारेमा जनचेतना फैलाउन आवश्यक ठानेर डिपिनेटले स्फियर नाटक र स्फियर लोकगीत समेत तयार गरेको छ । स्फियर नाटकका निर्देशक सन्तोष खनाल डिपिनेटले गरेको मनोरञ्जनात्मक तरिकाबाट स्फियरको बारेमा सचेतना फैलाउँन अभ्यास सह्रानीय भएको भन्दै यो अभ्यासले धेरै कलाकारहरु समेत जानकार भएको बताउनुहुन्छ। उँहाले कलाकारहरु जानकार हुनु भनेको यो विषयलाई निरन्तर रुपमा समुदायसम्म लैजाने कार्यको शुरुवात हुनु नै भएको बताउनुहुनछ ।

तालिम कार्यक्रमका सहभागिहरुको भनाईमा स्फियर मापदण्डको परिचय, मानवीय बडापत्र, आधारभूत मानवीय मापदण्ड, संरक्षण सिद्धान्त तथा स्फियर मापदण्डका प्राविधिक अध्याय, खाद्य सुरक्षा र पोषण, पानी, सरसफाइ तथा स्वच्छता, आश्रय र बसोबास र स्वास्थ्यबारे जानकारी पाउँनु भनेको विपद् प्रभावित्का लागि अधिकारको कदर गर्ने शुरुवात हो ।

डिपिनेटले नेपाली भाषामा प्रकाशित स्फियर ह्यान्डबुक समेत हरेक प्रदेशका सरकारी निकायहरुलाई हस्तान्तरण गरेको छ । गण्डकी प्रदेशका योजना तथा विपद् व्यवस्थापन शाखाका उपसचिव यामप्रसाद सुवेदी विपद् जोखिम न्यूनीकरणमा प्रदेश सरकारले अवलम्बन गरेका नीतिको कार्यन्वन तथा विपद् प्रतिकार्यका प्रयासहरुलाई समेत प्रभावकारी बनाउँन स्फियर सम्बन्धीको अभिमुखिकरण सहयोग हुने बताउनुहुन्छ । उहाँको भनाईमा यो अभिमुखिकरणलाई अझ व्यापक र निरन्तर बनाउँन आवश्यक छ ।

डिपिनेटले देशका विभिन्न स्थानमा स्फियर सम्बन्धी प्रशिक्षक प्रशिक्षण कार्यक्रम पनि संचालन गर्दै आएको छ । यो कार्यक्रम मार्फत तालिमका लागि थप जनशक्ति, तयार गर्ने र सचेतना फैलाउन सहयोग पुगेको छ । रत्ननगर नगरपालिका बालबालिका तथा ज्येष्ठ नागरिक शाखा प्रमुख दीपा घिमिरे आपत्कालिन राहत र प्रतिकार्यको समयमा सबैभन्दा महत्वपूर्ण पक्ष भनेको सबै तहका सरकार र स्थानीय मानवीय संस्थाहरूसँग समन्वय र सहयोग कायम राख्नु रहेको भन्दै यसका लागि स्फियर सम्बन्धित तालिम आवश्यक रहेको बताउँन हुन्छ । स्फियर सम्बन्धिको तालिममा सहभागि भएका व्यक्तिहरुको अनुभवमा विपद् प्रभावितलाई पनि मर्यादित जीवनको अधिकार हुने भएकाले हरेक सहयोगमा मानवीय सिद्धान्तलाई समेट्नका लागि स्फियर सचेतना आवश्यक छ ।

डिपिनेटका कार्यवाहक अध्यक्ष डा. राजु थापा सात वटा प्रदेशमा गरिएको अभिमुखिकरणबाट आफूहरु उत्साहित भएको र आगामी दिनमा डिपिनेटले स्फियर मापदण्डको बारेमा शुरु गरेको सचेतीकरण कार्यक्रमलाई विस्तार गर्न प्रयास गर्ने बताउँनुहुन्छ । उहाँको भनाईमा यो कार्यक्रमले प्रदेश सरकारका सम्बन्धित् निकाय तथा सुरक्षा निकाय र सरोकारवालाहरुलाई स्फियरको आवश्यकता, प्रयोग र महत्वको बारेमा जानकारी दिन सहयोग पुगेकाले आगामी दिनमा यस बारेमा अझ धेरै कामहरु गर्न आवश्यक रहेको छ ।

स्फियर सचेतिकरणले सरकारी, गैरसरकारी, निजी क्षेत्र लगायतलाई आधारभूत जानकारी दिन सहयोग पुगेको छ। आगामी दिनमा यो तालिम तथा सचेतनालाई सबै स्थानीय तह, समुदाय तथा संचार क्षेत्रसमक्ष लैजान आवश्यक छ ।

# स्फियरको अवधारणा




नेपाल बहुप्रकोपिय विपद्को दृष्टिकोणवाट अति नै जोखिममा रहेको छ। यसैले विपद् व्यवस्थापनमा नेपालले खेल्नु पर्ने भूमिका महत्वपूर्ण रहदै आएको छ । विपद् व्यवस्थापनका लागि नेपालले अन्तर्राष्ट्रिय स्तरमा प्रतिबद्धताहरू जनाउँदै विपद् जोखिम न्यूनीकरणका लागि सेन्डाइ कार्य ढाँचा (सन् २०१५) लाई सम्बोधन गर्न भनी राष्ट्रिय रुपमा विपद् जोखिम न्यूनीकरण राष्ट्रिय रणनीतिक कार्ययोजना, (वि.सं.२०७५-२०८७) तर्जुमा भइसकेको छ। विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४, विपद् जोखिम न्यूनीकरण राष्ट्रिय नीति, २०७५ जारी भएका छन् । संविधानको अनुसूचिमा उल्लेखित अधिकारको सूचिमा तिनै तहका सरकारलाई विपद् व्यवस्थापनको अधिकार प्रत्याभूति गरेको छ । कतिपय प्रदेश सरकार र स्थानीय तहहरुले विपद् व्यवस्थापन सम्वन्धि नीति तथा कानूनहरु जारी समेत गरेको पाइएको छ ।

विपद् नेपालीहरुले भोग्नुपर्ने नियति जस्तै भएकोले विपद्को अवस्थामा प्रभावितहरुको मर्यादा सहितको जीवन अवस्थामा मानवीय सहयोग, संरक्षण र सुरक्षाको प्राप्त गर्ने अधिकार विपद् प्रतिकार्यका कार्यहरु निश्चित मानवीय मापदण्डका आधारमा हुन आवश्यक छ । नेपाल अन्तर्राष्ट्रिय समुदायको एक सदस्य भएको र नेपालमा वसोवास गर्ने हरेक विपद् प्रभावित मानिसहरुका लागि विपद् पूर्वतयारी तथा प्रतिकार्य र पुनर्लाभ समेतका विपद व्यवस्थापनका सवै चरणहरुमा अन्तर्राष्ट्रिय मानवीय वडापत्र तथा मानवीय न्यूनतम मापदण्डहरु स्फियर निर्देशिका वमोजिम गर्नु पर्ने अन्तर्राष्ट्रिय दायित्व नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहमा रहँदै आएको छ ।

स्फियर मापदण्डलाई स्थानीयकरण गरी जिम्मेवार मानवीय कार्यका संलग्न सरोकारवाला तथा विपद्को सामना गर्नुपर्ने समुदायका मानिसहरुलाई स्फियरका महत्वपूर्ण व्यवस्थाहरुलाई सरल भाषामा बुझाउन आवश्यक छ।

विपद्बाट प्रभावित भएका व्यीक्तहरुले मानवीय सहायता पाउनु दया नभई अधिकारका रुपमा लिनु पर्छ भन्ने अन्तर्राष्ट्रिय रुपमा मान्यता पाएको मापदण्ड स्फिरयरको बारेमा नेपलमा पनि विभिन्न सचेतनामुलक तथा क्षमता विकासका कामहरु भएका छन् । नेपालमा धेरै किसिमका विपद्को जोखिम रहेकाले स्फियर मापदण्डको सान्दर्भिकता धेरै नै छ। यहि कुरालाई मध्यनजर गर्दै प्रकोप पूर्व तयारी संजाल नेपालले यो मापदण्डलाई स्थानीयकरण गर्न विभिन्न प्रयाहरु गर्दै आएको छ। यो मापदण्डको नेपालीमा अनुवाद गर्ने देखि प्रशिक्षक प्रशिक्षण तथा अभिमुखिकरण र तालिमका माध्यमबाट यो विषयलाई सरोकारवाला समक्ष पुर्याउँने काम भएको छ । अमेरिकी सहयोग नियोगको तयार परियोजनाको सहयोगमा विगत एक वर्ष देखि स्फियर मापदण्डलाई फराकिलो बनाउने काम भएको छ ।

स्फियर निर्देशिकामा उल्लेखित विषयवस्तु र मानवीय मापदण्डहरुलाई समुदायस्तर सम्म बुझाउन लोक दोहरीका माध्यमद्धारा सन्देशमुलक सामग्री तयार गरिएको छ। त्यसैगरी यस सम्बन्धी जानकारीमुलक नाटक समेत तयार गरिएको छ । यस मापदण्डका प्रयोगकर्ता भनेका मानवीय प्रतिकार्यको योजना बनाउने, व्यवस्थापन अथवा कार्यान्वयनमा सामेल हुने व्यक्तिहरू, विपद्को बेला खोज, उद्धार र राहतका कार्य (प्रतिकार्य) गर्ने स्थानीय, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय तहका मानवीय निकायहरूका कर्मचारी तथा स्वयंसेवकहरू र विपद्बाट प्रभावित भएका व्यक्तिहरू भएकाले उनीहरु समक्ष मूल विषयवस्तु र भावनालाई फैलाउनका लागि डिपिनेटले धेरै प्रयासहरु गरेको छ ।

यो विषयको जानकारी अझ धेरै व्यक्ति समक्ष पुग्न आवश्यक भएको र यसका लागि सबै क्षेत्रबाट प्रयासहरु हुन आवश्यक भएको तथ्यलाई मनन् गर्दै यो बुलेटिन अंक स्फियर मापदण्डमा केन्द्रित गरिएको छ ।

# स्फियर मापदण्डको आवश्यकता




अफ्रिका महादेशको रुवान्डामा हुतु र तुत्सीबीचको गृहयुद्धको क्रममा ७ अप्रिल र १५ जुलाई १९९४ मा तुत्सी विद्रोही माथि ठूलो नरसंहार भएपछि यो घटनाले मानवीय सेवाका क्षेत्रमा केही सोच्न बाध्य तुल्यायो। यसैको परिणामस्वरुप स्फियरको अवधारणाको शुरुआत भयो।

सन् १९९७ तिर विश्वका करिब ८० देशका ४०० संस्था र चार हजारभन्दा बढी मानवीय सेवामा कार्य गर्ने संस्थाहरु, मानवतावादी गैरसरकारी समूह, रेडक्रस र रेडक्रिसेन्ट अभियानका सदस्यहरुबीच गुणस्तरियता र उत्तरदायित्व विकास गर्ने विषयमा छलफल शुरु भयो र स्फियरको अवधारणा तयार भयो। स्फियर भनेको मानवीय क्रियाकलापका आधारहरूमध्येको एक प्रमुख आधार हो । यसले प्राथमिकता प्राप्त क्रियाकलाप तथा अरू थप विस्तृत प्राविधिक जानकारी कहाँ पाइन्छ भन्ने बारेमा मार्गदर्शन उपलब्ध गराउँछ। यस मापदण्डले सङ्कटबाट प्रभावित समुदाय तथा व्यक्ति, कर्मचारी, दाता, सरकार तथा अन्य सरोकारवालाहरूप्रति बढी जवाफदेहितालाई पनि सहजीकरण गर्दछ। विपद्बाट प्रभावित मानिसहरुलाई प्रदान गरिने सहायताको गुणस्तरमा सुधार गर्नु यसको उद्देश्य रहेको छ। स्फियरमा मानवीय सिद्धान्तका मुलभूत चार पक्षहरु मानवीयता, तटस्थता, निष्पक्षता र स्वतन्त्रता र आचारसंहिता आदिमा उल्लेख भएका बुंदाहरुलाई पनि विशेष महत्व दिइएको छ।

आधारभूत मानवीय मापदण्डलाई स्थानीय मानवीय संस्थाहरुमा संस्थागत गर्ने सहयोगका लागि आधारभूत मानवीय मापदण्ड मूल्याङ्कन उपकरण (CHSAT) विकसित भएको थियो । आधारभुत मानवीय मापदण्ड (सिएचएस) ले आपतकालमा मानवीय पीडा रोक्न र कम गर्न संस्थाहरू र व्यक्तिहरूद्वारा गरिएको मानवीय प्रतिकार्यको गुणस्तर र प्रभावकारिताको सुधार गर्न सहयोग पुऱ्याउँछ।

**आधारभुत मानवीय मापदण्डका ९ प्रतिबद्धताहरू**

- विपद्बाट प्रभावित व्यक्ति र समुदायहरू आफ्ना आवश्यकता अनुसार उपयुक्त र सान्दर्भिक सहयोग,
- विपद्बाट प्रभावित व्यक्ति र समुदायहरूको उचित समयमा मानव कल्याणकारी सहयोगमा पहुँच,
- विपद्बाट प्रभावित व्यक्ति र समुदायहरू नकारात्मक रूपमा प्रभावित छैनन् र मानव कल्याणकारी कार्यको परिणामस्वरूप बढी जागरुक, पुनःनिर्माण र कम खतरामा छन्।
- विपद्बाट प्रभावित व्यक्ति र समुदायहरू आफ्नो कानूनी हक-अधिकार जान्दछन्, सूचना तथा आफूलाई प्रभाव पार्ने निर्णय लिने प्रक्रियामा पहुँच,
- विपद्बाट प्रभावित व्यक्ति र समुदायहरूमा गुनासाहरु सामना गर्न सुरक्षित र अनुकूल संयन्त्रको पहुँच,
- विपद्बाट प्रभावित व्यक्ति र समुदायहरूले एकमुष्ट र परिपूरक सहयोग,
- विपद्बाट प्रभावित व्यक्ति र समुदायहरू थप सहयोग वितरणको आशा राख्न सक्छन्; जबकी संस्थाहरूले अनुभव र कामको प्रतिछाँयाबाट सिक्छन्,
- विपद्बाट प्रभावित व्यक्ति र समुदायहरूले प्रतिस्पर्धात्मक तथा सुव्यवस्थित कर्मचारी र स्वयंसेवकबाट सहयोग प्राप्त गर्दछन्।
- विपद्बाट प्रभावित व्यक्ति र समुदायहरूले आफूलाई सहयोग गरिरहेका संस्थाहरूबाट स्रोतहरूको कुशलतापुर्वक प्रभावकारी तथा नीतिसम्मत व्यवस्थापनको अपेक्षा गर्दछन्।

आधारभूत मानवीय मापदण्ड मूल्यांकन उपकरणले आधारभूत मानवीय मापदण्डका प्रयासहरूको परिपालनमा विपद् प्रभावित व्यक्तिहरूको लागि मानवीय सहयोगमा संलग्न संस्थाहरूमा आधारभूत मानवीय मापदण्डको संस्थागतकरणको स्थितिको स्वमूल्याङ्कनमा सहयोग पुऱ्याउँछ।

# स्फियरमा प्रमुख प्राविधिक क्षेत्रहरू




मानवीय बडापत्र र पहिचान गरिएको न्यूनतम मापदण्डहरूले प्रत्येक पाँच प्रमुख क्षेत्रहरू (पानी आपूर्ति र सरसफाई, पोषण, खाद्य सहायता, आश्रय र स्वास्थ्य सेवाहरू) मा विपद् सहायता प्राप्त भएको हुनु पर्दछ। विपद्को समायमा प्रभावित व्यक्तिले यी आधारभूत कुराहरु पाउँनु उनीहरुको अधिकारको रुपमा स्फियर मापदण्डले उल्लेख गरेको छ। यी प्राविधिक क्षेत्रमा स्फियरले गरेको व्यवस्थाको छोटकरी जानकारी यँहा प्रस्तुत गरिएको छ।

### पानी आपूर्ति, सरसफाइ तथा स्वास्थ्य प्रवर्धन

पानी तथा सरसफाइको अधिकार भनेको मानव जीवनको रक्षाका लागि अत्यावश्यक विश्वव्यापी अधिकारहरूको अङ्ग हो र राज्य तथा क्रियाशील गैर-राज्यका निकायहरूमा यो अधिकार पूरा गर्ने उत्तरदायित्व हुन्छ । यी मापदण्डहरू मानवीय बडापत्रमा घोषणा गरिएका विश्वास, सिद्धान्त, कर्तव्य तथा अधिकारहरूमा आधारित छन् । यिनमा मर्यादासहितको जीवनको अधिकार, संरक्षण तथा सुरक्षाको अधिकार र आवश्यकताका आधारमा मानवीय सहयोग प्राप्त गर्ने अधिकार पर्दछन् । सङ्कटबाट प्रभावित मानिसहरू बिमारी र रोगबाट हुने मृत्यु खास गरी झाडा-बान्ता तथा सङ्क्रमण हुने रोगहरूप्रति संवेदनशील हुन्छन् । यस्ता रोगहरू अपर्याप्त सरसफाइ तथा पानी आपूर्ति तथा कमजोर स्वास्थ्यसँग सशक्त रूपमा सम्बन्धित हुन्छन् । पानी, सरसफाइ तथा स्वास्थ्यसम्बन्धी कार्यक्रमको लक्ष्य जनस्वास्थ्यका जोखिमहरूलाई कम गर्नु हो ।

### खाद्य सुरक्षा तथा पोषण

सबैलाई पर्याप्त खाना र भोकबाट मुक्त हुने अधिकार हुन्छ । कम पोषणले मानिसहरुलाई विपद् र द्वन्द्वबाट सिर्जित भएको प्रभावको पुनर्लाभ गर्न सक्ने क्षमतामा कमी ल्याउँछ। खाद्य सुरक्षा तथा पोषणसम्बन्धी स्फियरका न्यूनतम मापदण्डहरूले मानवीय सन्दर्भहरूमा पर्याप्त खाद्य वस्तुसम्बन्धी अधिकारमा जोड दिएको छ। यी मापदण्डहरू मानवीय बडापत्रमा घोषणा गरिएका विश्वास, सिद्धान्त, कर्तव्य तथा अधिकारमा आधारित छन् । यिनमा मर्यादापूर्वक जीवन यापन गर्न पाउने अधिकार, संरक्षण तथा सुरक्षाको अधिकार र आवश्यकताका आधारमा मानवीय सहयोग प्राप्त गर्ने अधिकार पर्दछन् । खाद्य तथा पोषणसम्बन्धी प्रतिकार्यमा पानी, सरसफाइ, स्वास्थ्य, आवास, बस्ती र स्वास्थ्यसम्बन्धी प्रतिकार्यसँग मिलेर समन्वयात्मक रूपमा कार्य गर्नुपर्दछ । खाद्य वस्तुका लागि उपयुक्त प्रतिकार्यको तर्जुमा गर्दा गर्भवती तथा स्तनपान गराउने आमा, शिशु तथा केटाकेटी, वृद्ध-वृद्धा तथा अपाङ्गता भएका व्यक्तिहरूका पोषणसम्बन्धी विशिष्ट आवश्यकताहरूका बारेमा पूर्ण मात्रामा जानकारी हुनु आवश्यक हुन्छ। अल्प-पोषणको रोकथाम गर्नु भनेको कडा खालको कुपोषणको उपचार गर्नुजत्तिकै महत्वपूर्ण हुन्छ। खाद्य सुरक्षा तथा पोषणसम्बन्धी कार्यक्रमहरूले अल्पकालीन रूपमा पोषण तथा स्वास्थ्यको अवस्था र दीर्घकालीन रूपमा जीवनरक्षा तथा कल्याण निर्धारित गर्न सक्दछ।

प्रभावित मानिसहरूका लागि खाद्य सुरक्षा तथा पोषणसम्बन्धी प्रतिकार्यहरूको तर्जुमा गर्नका निमित्त खाद्य सुरक्षासम्बन्धी र पोषणसम्बन्धी मापदण्डहरूको विकास मूलभूत मानवीय मापदण्डप्रतिको प्रतिबद्धताका आधारमा गरिएको छ।

### आवास, वस्ती तथा गैर खाद्य

स्फियरका न्यूनतम मापदण्डहरूले पनि मानवीय सन्दर्भहरूमा पर्याप्त आवाससम्बन्धी अधिकारको व्यावहारिक पक्षमा जोड दिएको छ । यी मापदण्डहरू मानवीय बडापत्रमा घोषणा गरिएका विश्वास, सिद्धान्त, कर्तव्य तथा अधिकारमा आधारित छन्। आवास तथा बस्तीमा समयमा नै पुऱ्याइएको सहयोगबाट सङ्कटको प्रारम्भिक चरणमा जीवनको रक्षा हुन्छ। मौसमबाट संरक्षण प्रदान गर्नुका अतिरिक्त, स्वास्थ्यको प्रवर्धन गर्नका लागि, पारिवारिक तथा सामुदायिक जीवनमा सहयोग पुऱ्याउनका लागि, मर्यादा, सुरक्षा तथा जीविकोपार्जनमा पहुँच उपलब्ध गराउनका लागि आवास आवश्यक हुन्छ । बस्ने स्थान सुत्न, खाना तयार पार्न र खान, लुगा धुन, लुगा लगाउन, खाद्य वस्तु तथा पानी भण्डारण गर्न र घर-परिवारभित्रका वस्तु तथा अन्य मुख्य सम्पत्तिको संरक्षण गर्नेजस्ता दैनिक गतिविधिहरूका लागि पर्याप्त हुनुपर्दछ। यसमा सांस्कृतिक तथा सामाजिक मान्यता बमोजिम निश्चित घर-परिवारभित्र पुरुष तथा महिलाहरू, फरक-फरक उमेर समूह तथा परिवारहरूका बीचमा आवश्यक भएबमोजिम गोपनीयता तथा अलग्गै स्थान सुनिश्चित गर्नु पर्दछ।

### स्वास्थ्य क्रियाकलाप

स्वास्थ्य सेवासम्बन्धी स्फियरका न्यूनतम मापदण्डले पनि मानवीय सन्दर्भहरूमा स्वास्थ्य सेवासम्बन्धी अधिकारका व्यावहारिक पक्षमा जोड दिएको छ। विपद् र द्वन्द्वले प्रभावितहरुको मानव स्वास्थ्यमा र उन्नतिमा महत्वपूर्ण प्रभाव पारेको हुन्छ। स्वास्थयमा पर्ने प्रभाव प्रत्यक्ष (घाइते तथा मृत्यु) वा अप्रत्येक्ष (बलपूर्वक स्थानान्तरण, कानूनी संरक्षणको अभाव, र स्वास्थ्य सेवामा कमी) दुवै तरिकाले पर्दछ। स्वास्थ्य सेवाअन्तर्गत प्रतिकार्यको कुनै पनि चरणमा स्वास्थ्यसम्बन्धी प्रवर्द्धन, रोकथाम, उपचार, पुनःस्थापन तथा सान्त्वना प्रदान गर्ने हेरचाह पर्दछन्। सङ्कटको अवधिमा स्वास्थ्यसम्बन्धी प्रतिकार्यको मुख्य लक्ष्य भनेका अत्याधिक मृत्यु तथा रुग्णता (morbidity) को रोकथाम गर्नु तथा तिनलाई कम गर्नु हुन् । यस्तो अवस्थामा गर्भवती, सुत्केरी र एचआईभीका औषधि लिइरहेको सङ्क्रमितहरुमा पनि स्वास्थ्य सेवाको समस्या उत्पन्न हुन सक्तछ। यी सबै पक्षलाई ध्यान दिएर समयमै र उपयुक्त सेवा उपलब्ध गराउनु पर्दछ।

*पृष्ठ ५ मा क्रमश...*

पृष्ठ ४ बाट क्रमश...

स्फियरकै जस्तै सिद्धान्त तथा प्रतिबद्धताका आधारमा अन्य धेरै क्षेत्रहरूमा एक-अर्काका लागि पूरकको काम गर्ने मापदण्डहरूको विकास साझेदार संघ, संस्था, सङ्गठनहरूले गरेका छन्। यी मापदण्डहरु पनि विपद्को समयमा काम गर्ने आधार तयार गर्न सहयोगी दस्तावेज भएका छन्। यस अन्तर्गत पशुधनका बारेमा आपत्कालीन परिस्थिति सम्बन्धी निर्देशिका तथा मापदण्डहरु, मानवीय क्रियाकलापमा बाल संरक्षणका लागि न्यूनतम मापदण्डहरु, शिक्षाका लागि न्यूनतम मापदण्ड पर्दछन्। त्यसैगरी पूर्वतयारी, प्रतिकार्य, पुनर्लाभ, आर्थिक पुर्नलाभका लागि न्यूनतम् मापदण्डहरु, बजारको विश्लेषणका लागि न्यूनतम् मापदण्ड र मानवीय समावेशिताका मापदण्डहरु रहेका छन्। यी मापदण्डले पनि स्फियरले जस्ता विशिष्ठ क्षेत्रको विशिष्ठ आधारहरु तयार गरेका छन्, जसलाई विपद्को समयमा सरोकारवालाले अनुशरण गर्नुपर्ने हुन्छ।

# स्फियरको कार्यान्वयनमा जोड दिएका छौं




*डा. राजु थापा*
*कार्यवाहक अध्यक्ष, डिपीनेट/संयोजक, स्फियर नेपाल*

**नेपालमा स्फियरको आवश्यकता किन महशुस गरियो ?**

स्फियर भनेको मानवीय क्रियाकलापका आधारहरू मध्येको एक प्रमुख आधार हो। यसले प्राथमिकता प्राप्त क्रियाकलाप तथा अरू थप विस्तृत प्राविधिक पक्षको बारेमा मार्गदर्शन गराउँदछ। विपद् र द्वन्द्वबाट प्रभावित व्यक्तिहरुले संरक्षण र सहयोग पाउने अधिकार हुन्छ र सम्मानपूर्वक बाँच्न पाउनु पर्छ भन्ने अवधारणामा यो मापदण्ड आधारित छ। यसका साथै यसमा मानवीय सिद्धान्तका मुलभूत चार पक्षहरु मानवीयता, तटस्थता, निष्पक्षता र स्वतन्त्रता र आचारसंहिता आदिमा पनि विशेष महत्व दिइएको छ। अर्को तर्फ जीवन रक्षार्थ आवश्यक चार प्रमुख क्षेत्रहरू पानी आपूर्ति, सरसफाइ तथा स्वच्छता पवर्द्धन, खाद्य सुरक्षा तथा पोषण, आश्रय स्थलका न्यूनतम मापदण्डको बारेमा पनि जानकारी स्फियर मापदण्डले जानकारी दिन्छ।

**स्फियर कार्यान्वयनमा डिपिनेटको भूमिका कस्तो रहेको छ ?**

स्फियर जेनेभाको, नेपालको लागि फोकल पोईन्टको रुपमा क्रियाशील डीपीनेटले, नेपालमा स्फियर मापदण्डलाई संस्थागत तथा स्थानीयकरण गर्न लामो समय देखी महत्वपूर्ण भूमिका खेल्दै आएको छ। विपद्बाट प्रभावित मानिसहरुलाई प्रदान गरिने सहायताको गुणस्तर सुधार्नु तथा विपद्को स्थितिमा गरिने सहयोग सम्वन्धि मानविय प्रणालीको जिम्मेवारीपन बढाउन तयार गरिएको मापदण्डहरुको एक दस्तावेज भएकाले यसलाई डिपिनेटले आफ्नो कार्यक्षेत्रमा समेत समावेश गरेको छ। स्फियर अवधारणालाई स्थानीयकरण गराउन डिपिनेटले शुरुदेखि नै विभिन्न जनचेतनामूलक क्रियाकलापहरु, प्रशिक्षण एवं अभिमुखीकरणका कार्यक्रमहरु तथा विभिन्न प्रकाशनहरु गर्दै आएको छ। स्फियरमा उल्लेख भएका महत्वपूर्ण विषयहरुका बारेमा स्थानीयस्तरमा पुऱ्याउन विपद्का क्षेत्रमा कार्यरत विभिन्न संघसंस्था, स्थानीय निकायमा कार्यरत कर्मचारी एवं जनप्रतिनिधिहरु र आम सर्वसाधारणले पनि सजिलैसँग बुझ्ने गरी लोकदोहोरी र नाटक तयार गरिएको छ। त्यस्तै स्फियरको पुस्तकलाई नेपाली भाषामा अनुवाद गरिएको छ भने यसअर्न्तगत रहेका ६ सहयोगी मापदण्डहरुलाई पनि नेपाली भाषामा अनुवाद गर्ने काम भइरहेको छ।

**स्फियरसम्बन्धी मानव श्रोत साधन बिकास गर्न के कस्ता कार्यक्रमहरु सञ्चालन भएका छन् ?**

स्फियर मापदण्डको नयाँ संस्करण अनुसार, हामीले अन्तर्राष्ट्रिय तालिम आयोजना गरेर, क्षेत्रीय स्तरमै मानब संसाधन तयार गरेका छौं भने संघ र प्रदेश तहमा पनि आबश्यक जनशक्ति तयार गरीसकेका छौं। हामीसँग आज प्रयाप्त प्रशिक्षकहरु छन् र ती प्रशिक्षकहरुले केन्द्र, प्रदेश र स्थानीयस्तरमा तालिम, सचेतीकरण कार्यक्रमहरु सञ्चालन गरीरहेका छन्। प्रदेश र स्थानीयस्तरमा गरी एक दर्जन बढी अभिमुखीकरणका कार्यक्रम र तालिमहरु सञ्चालन गरिएका छन्।

**स्फियरलाई स्थानीयकरण गर्ने क्रममा अन्य केके कार्यहरु भएका छन् त ?**

संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले तयार पारेका स्फीयर तालीम म्यानुअलको एक सत्रमा पुरै स्फियर मापदण्डको बारेमा उल्लेख छ र अब चाडै यही तालीम म्यानुअललाई आधार मानी ७५३ बटै स्थानीय तहमा विपद् व्यवस्थापन न्यूनीकरणका तालिमहरु सञ्चालन हुन लागेको छ। अब स्थानीय तहका झण्डै २० हजार कर्मचारी र जनप्रतिनिधिहरुले यसको आवश्यकता र महत्वका बारेमा प्रशिक्षित हुन पाउछन। प्रत्येक पालिकामा दुई/दुई वटा गरी १५०६ वटा तथा ८०० प्रशिक्षकलाई स्फियरको पुस्तक वितरण गरिएको छ।

**स्फियरको सन्दर्भमा अन्य देशको तुलनामा नेपालको अवस्था कस्तो छ ?**

स्फियर जेनेभाले डिपिनेटको गतिबिधीलाई उच्च कदर गर्दे केही रकम समेत सहयोग गरेको छ। स्फीयर जेनेभाले सितीमिती स्फियर फोकल पोइन्टलाई सहयोग गरेको खासै उदाहरणहरु छैन। बास्तवमा यो हामीले गरेको कामको परीणाम स्वरुप सम्भव भएको हो। यस कारण पनि हामीले अन्तर्राष्ट्रिय स्तरमा तुलना योग्य काम गरेका छौ भन्ने ठाँउ रहेको छ।

# सुर्खेतमा स्फियर मापदण्ड सम्बन्धीको छलफल सम्पन्न



राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण र कर्णाली प्रदेश आन्तरिक मामिला तथा कानुन मन्त्रालयसंगको समन्वयमा डिपीनेटले आयोजना गरेको 'स्फियर मापदण्डको सचेतीकरण' कार्यक्रम सम्पन्न भएको छ। कर्णाली प्रदेशको विरेन्द्रनगरमा आयोजित कार्यक्रममा कर्णाली प्रदेशमा विपद् जोखिमको अवस्था, जनचेतना तथा विपद्संग स्फेयर मापदण्डको बुझाइको बारेमा छलफल गरिएको थियो ।

कार्यक्रममा कर्णाली प्रदेशमा विगत लामो समयदेखि मानवीय हितमा काम गर्दै आएका व्यक्ति तथा संस्थाहरुलाई स्फेयर मापदण्डका बारेमा जानकारी दिइएको थियो । स्फेयर मापदण्ड विपद्का बेला महिला तथा बालबालिका, अपांगता भएका व्यक्तिहरु, सुत्केरी तथा गर्भवती, विपन्न वर्गजस्ता संवेदनशिल वर्गहरुको प्रतिनिधित्व गर्ने गरि अन्तर्राष्ट्रिय स्तरबाटै सुरुवात भएको कार्यक्रम हो । नेपालमा पनि यसको बारेमा जनचेतना जनस्तरबाटै संचालान गरिनुपर्ने सुझाव सहभागीहरुले दिएका थिए ।

छलफलमा बोल्दै विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणका उपसचिव डा. डिजन भट्टराइले स्थानिय र प्रदेश सरकारको पहलमा मात्रै विपद् जोखिम न्यूनीकरण गर्न सम्भव भएको बताउनुभयो । उहाँले सहभागीहरुलाई विपद्का समयमा सहयोग गर्दा विश्वव्यापी रुपमा स्फियर मापदण्डलाई कार्यन्वयन गर्नसमेत जोड दिनुभयो ।

डिपीनेटका कार्यवाहक अध्यक्ष डा. राजु थापाले स्फियर मापदण्डसम्बन्धि कार्यक्रमले विपद्का बेला मानवीय संवेदनशिलाता कायम गर्न मदत गर्ने बताउनुभयो । स्फियर मापदण्डले खाना, नाना, छाना, स्वास्थ्य र सरफाइका क्षेत्रमा आवश्यकता अनुसार जनचेतना वृद्धि आवश्यक भएकाले यस्ता कार्यक्रमले विपद् जोखिम न्यूनीकरण तथा प्रतिकार्यमा समेत सहजता ल्याउने उहाँको भनाई थियो ।

स्फियर मापदण्डले प्राविधिक पक्षलाई जोड दिने हुँदा यसले आफ्नो कार्यक्षेत्र, प्रभावितको आवश्यकता अनुसारको कार्यक्रम तर्जुमा गर्नमा सहजता ल्याउने कर्णाली प्रदेशका आन्तरिक मामिला तथा कानून मन्त्रालयका सचिव प्रेमराज गिरीले बताउनुभयो । मानव अधिकारमा आधारित रहेर स्फियर मापदण्डले मानविय सहायता प्रदान गर्दा यसका मापदण्ड तथा जवाफदेहिताको कुरालाई समेत विशेष प्राथमिकतामा राखेकोले यसको बुझाई हरेक सरोकारवाला तथा सरकारी निकायहरु समक्ष पुर्याउनु पर्ने बताउनुभयो ।

## अनुरोध

**प्रकोप पूर्वतयारी सञ्जाल नेपाल (डिपिनेट) ले मासिक रुपमा प्रकाशन गर्दै आएको विपद् बुलेटिनलाई निरन्तरता दिएको छ । यो बुलेटिनमा सरकारी निकाय, संयुक्त राष्ट्र संघीय एजेन्सी, गैर सरकारी संस्था, विकास साझेदार, निजी क्षेत्र तथा समुदायबाट विपद्को क्षेत्रमा भए गरेका गतिविधि, सिकाइ, उपलब्धी सम्बन्धी सान्दर्भिक फोटो तथा प्रकाशनका लागि उपयुक्त हुने सामग्री निम्न ठेगानामा पठाउनुहुन हार्दिक अनुरोध गर्दछौं ।**

USAID अमेरिकी जनताबाट
Fostering Knowledge on Disaster DPNet Nepal

**प्रकोप पूर्वतयारी सञ्जाल नेपालको सचिवालय**
कार्यालय रेडक्रस रोड, कालीमाटी, काठमाण्डौं
फोन नं. : ०१-४६७२१६५, ६२२६६१३
Email: dpnet@dpnet.org.np
https://www.dpnet.org.np

**स्वीकारोक्ति**

यस बुलेटिन भित्रका विषयवस्तु र सामग्री डिपिनेटका एकल जिम्मेवारी हुन् र तिनले युएसएआइडी वा अमेरिकी सरकारको विचारको प्रतिविम्बित गर्छन् भन्ने जरूरी छैन ।